अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चिशंखुगढी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः ८ | मितिः २०८१/०६/०७ |
|---|---|---|

## भाग-२

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

### कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०६/०४

राजपत्रमा प्रकाशित मिति: २०८१/०६/०७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चिशंखुगढी गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम कृषि उत्पादन निर्यातमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१ सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावना :**

चिशंखुगढी गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको र यस पालिकाका अधिकांश मानिसहरु मुख्य पेशाको रुपमा कृषिलाई अबलम्बन गरेका छन् कृषकहरुलाई उनीहरुले उत्पादन गरेका कृषि उपजहरुको उत्पादनका आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा ब्यबसायीलाई संगठित गरि बजारमा गुणस्तरीय तरकारी, फलफूल, मासु, अन्डा र मसलाजन्य बस्तु बिक्रि गरे बापत बिक्रिका आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले चिशंखुगढी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा “ण” को अधिकारलाई कार्यान्वन गर्ने यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ.**

चिशंखुगढी गाउँपालिका कृषि उत्पादनमा यस कार्यविधिको नाम **कृषि उत्पादन निर्यातमा आधारित अनुदान वितरण कार्यविधि,** २०८१ रहनेछ।

**२: परिभाषा र व्याख्या:**

(क)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले चिशंखुगढी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "गाउँपालिका" भन्नाले चिशंखुगढी गाउँपालिकालाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडा कार्यालयहरूलाई सम्झनुपर्छ।

(छ)"अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि गाउँपालिकाबाट कुनै किसान वा कृषि संस्थालाई प्रदान गरिने कृषि सामाग्री समेतलाई जनाउने छ।

(ज) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि आफ्नै जग्गामा वा कसैको जग्गा करारमा (भाडामा) लिई कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि सम्बन्धी उद्योग र कृषि सहकारी, कृषि फर्म, कृषि व्यवसाय समेतलाई सम्झनुपर्छ।

(झ) "उत्पादक" भन्नाले कृषि बालीबस्तु उत्पादन गर्ने कृषक, समूह, कम्पनी, उद्योग, कृषि फर्म वा सहकारीलाई सम्झनुपर्दछ।

(ज) तरकारी" भन्नाले फुलगोबी साग, सिमि, बोडी, केराउ, बन्दागोवी, क्यासिगम, चिचिन्डा, लौका, आलु, गोलभेडा, चिरौला, फर्सी, भान्टा लगायतका तरकारीको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।

(ट) "फलफूल" भन्नाले कागती किवी लिची, आँप, अनार, सुन्तला, काक्रा, ड्रागन फ्रूट, केरा लगायतका फलफूलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।

(ठ) "मसलाजन्य बस्तु" भन्नाले लसुन, अदुवा खुर्सानी, धनिया, प्याज, बेसार, जिरा लगायतका मसलाको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।

(ड) कृषक समूह" भन्नाले कृषक कृषक मिलेर बनेको समूह भने बुझिन्छ।

निशान्त शर्मा
अध्यक्ष

## परिच्छेद २
## कार्यविधिको उद्देश्य

३. कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन।

(१) यस गाउँपालिका भित्र (निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप व्यवसायी बन्न प्रेरित गर्दै गाउँपालिका स्तरीय कृषि उत्पादनमा वृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्ने।

(२) कृषि उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोत, विकसित गर्ने।

(३) साना किसानहरुलाई संगठित गरी सहकारीमा आबद्ध गराई उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्ने ।

(४) कृषि उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई लगानीलाई सुनिश्चितता प्रदान गर्ने।

## परिच्छेद ३
## सहकारी, संकलन केन्द्र तथा कृषक समूहको छनौट

४. अनुदान वितरणको लागि सहकारी, कृषि फर्म तथा कृषक समुह छनौट गरि गाउँपालिका र सहकारी, कृषि फर्म तथा कृषक समुह बिच सम्झौता गरिनेछ।

(१) यस कार्यक्रमको शुरुवातमा पालिकाद्वारा कृषि उत्पादन निर्यातमा आधारित अनुदान वितरणका लागि कम्तिमा एक वडामा एक वटा कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूह तोकिने छ। त्यसैगरी तोकिएको कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहलाई गतिशिल बनाउन पालिका र वडाबाट सहयोग गरिनेछ।

(२) तोकिएको सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह र गाउँपालिका बिच अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता हुनेछ।

(३) कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाबाट निर्धारित कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ र सो कृषि सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह मार्फत कृषि उपजको कारोबार गर्नु पर्नेछ।

(४) कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्धारा कृषि उपजहरूको दैनिक खरिद तथा बिक्रीको रेकर्ड अनुसूची-३ बमोजिमको ढाँचामा प्रत्येक किसानहरूको अभिलेख वडा प्राविधिक वा तोकिएको कर्मचारीको रोहबरमा राख्नु पर्नेछ ।

(५) सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्र तथा भैरहेका संकलन केन्द्रलाई खारेज गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

(६) कुनै समुह फर्म वा कृषि सहकारीमा आवद्ध नभएको तर उत्पादन गरि गाँउपालिका भन्दा बाहिर निर्यात गरेको प्रमाण वडा वा सम्बन्धित निकायबाट सिफारिस भई आएमा अनुदानको लागि योग्य मानिनेछ ।

## परिच्छेद -४
## अनुदान सम्बन्धी व्यवस्था

**५. अनुदान तथा आर्थिक सहायता**

(१) कृषकहरुले बालीबस्तुहरु उत्पादन गरि सहकारी, संकलन केन्द्र तथा कृषक समूह मार्फत बिक्रि गरी कृषि उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका निम्ति गाउँपालिका भित्रका कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) पालिकाद्वारा निर्धारित सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूहले अनुसूची-३ बमोजिमको ढाँचामा कृषकहरुको खरिद अभिलेख, दैनिक बिक्री बिल र वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीका लागि गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) अनुसूची ४ बमोजिमको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना गाउँपालिकाले वा वडा कार्यालयले प्रकाशित गर्नु पर्नेछ ।

(४) एउटै आर्थिक वर्षमा एउटै उत्पादन वितरणमा आधारित अनुदान वा अन्य कुनै प्रकारको अनुदान प्राप्त कृषकलाई समेत उत्पादनमा आधारित थप अनुदान प्रदान गरिने छ ।

(५) गाउँपालिकाद्वारा कृषकहरुको बैंक खातामा मार्फत अनुदान EFT रकम भुक्तानी गरिनेछ वा बैंक खाता नभएका कृषकहरुको हकमा नगद वा चेक मार्फत भुक्तानी हुनेछ ।

(६) कृषि उत्पादन निर्यातमा आधारित अनुदान देहाय बमोजिमको आधारमा हुनेछ ।

| क्र.स. | बाली/बस्तुको नाम | न्युनतम विक्री परिमाण (के.जि) | प्रति के.जि. अनुदान (रू) |
|---|---|---|---|
| १. | गोलभेडा | ५०० | ५ |
| २. | आलु | १००० | ५ |
| ३. | अकबरे खुर्सानी | ५०० | ५ |
| ४. | अदुवा / बेसार | ५०० | ५ |
| ५. | अलैची | १०० | १० |
| ६. | सुन्तला, लिची, आप, केरा | ५०० | ७ |
| ७. | खसी बोका | १५ ओटा | २० |
| ८. | सुँगुर, बंगुर | १५ वटा | १० |
| ९. | रागा, भैसी (वयस्क मात्र) | ५ वटा | १००० |

**६. अनुदान व्यवस्थापन समितिको व्यवस्था**

क. संयोजक - गाउँपालिका अध्यक्ष
ख. सदस्य - गाउँपालिका उपाध्यक्ष
ग. सदस्य - प्रमुख प्रशासकीय अधिकृत
घ. सदस्य - सम्बन्धित वडाको वडा अध्यक्ष
घ. सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख
ङ. सदस्य - पशु सेवा शाखा प्रमुख
च. सदस्य सचिव - कृषि शाखा प्रमुख

**७. अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

क. अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने।
ख. आवश्यक परे छुट्टै मूल्यांकन कार्यदल गठन गर्ने।
ग. आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने गराउने।
घ. समय समयमा अनुगमन गरी सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने।

**८. विविध**

८.१ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ।
८.२ यो कार्यविधिको संशोधन जुनसुकै बेला कार्यपालिकाको बहुमतवाट गर्न सकिनेछ।
८.३ यो कार्यविधि भन्दा अगाडी प्रदान गरिएको अनुदानहरु यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ।

# अनुसुची -१

## उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि सहकारी संस्था /संकलन केन्द्र तथा कृषक समूह र चिशंखुगढी गाउँपालिका बीच भएको संझौता पत्र

चिशंखुगढी गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीक र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि तपसिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने चिशंखुगढी गाउँपालिका र दोश्रो पक्ष भनिने............................................ सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूह/ कृषि फर्म/कृषक विच तपसिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौ/दियौ ।

संझौताका शर्तहरु

१. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्था, केन्द्र तथा समूहमा कृषकको खेती विवरणको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ ।

२. सम्बन्धित सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले सूचिकृत भएका कृषकहरुको कृषि उपजको बिक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ ।

३. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले दैनिक कारोबारको अभिलेखिकरण पालिकास्तरीय मूल्य निर्धारण समितिद्वारा निर्धारित मूल्यको आधारमा राखनुपर्नेछ र पालिकाले प्राथमिकतामा राखेको ६ बालीबस्तु/पशुजन्य बाहेकको अभिलेख सो ढाँचामा राखिने छैन ।

४. अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजात सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

५. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा पेश भएको विक्री कारोवारको अभिलेख र अन्य आवश्यक कागजातको आधार मानी कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि २०८० को परिच्छेद ४ (५) को दफा ४ बमोजिम तोकिएका बाली बस्तुमा सोही बमोजिम अनुदान रकम सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहमा आवद्ध कृषकहरुको बैंक खातामा सिधै भुक्तानी गरिनेछ ।

६. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा राखिएको खरिद बिक्री र मूल्यको अभिलेखीकरण गलत वा झुट्टा ठहरिएमा सो सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहलाई पालिकाद्वारा कालोसूचीमा राखिनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका व्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट सही गर्ने | दोश्रो पक्षको तर्फबाट सही गर्ने |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क नं : | सम्पर्क नं : |
| छाप : | छाप : |

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची २

### कृषि तथा पशुजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहकारी/ संकलन केन्द्र तथा कृषक समूहले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा

मिति ..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चिशंखुगढी गाउँ कार्यगाउँपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा ।

विषयः उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति................. गते प्रकाशन गरिएको सूचना अनुसार चिशंखुगढी गाउँपालिका वडा नं........... मा अवस्थित श्री..............................सहकारी संस्था/संकलन केन्द्र/ कृषक समूह/ फर्म ले सामुहिक रुपमा कृषिजन्य वस्तुहरुको संकलन गरी खरिद तथा विक्री कार्यमा संलग्न भएकोले यस सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूह मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेकोले तपसिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

**तपशिल**

१ अनुसूची २ बमोजिमको निवेदन पत्र,
२ वडा कार्यालयको सिफारिश,
३. सहकारीको हकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी,
४. अनुसूची ३ अनुसारको कृषकहरुको विवरण,
५. सहकारी/संकलन केन्द्र तथा कृषक समूहको अभिलेखको प्रतिलिपि,
६. कार्यक्रम माग सम्बन्धी कार्यकारिणी समितिको निर्णयको प्रतिलिपि ।

निवेदक
नाम, थर :
पद :
संस्थाको नाम :
ठेगाना :
छाप :
मोबाइल नं

## अनुसूची ३

सहकारी सस्था, संकलन केन्द्र, कृषक, कृषि फर्म तथा कृषक समुहको नाम :

ठेगाना :

(कृषकले गरेको खेति तथा उत्पादनको विवरण )

| सि.नं. | कृषकको नाम | ठेगाना | बाली/बस्तु को नाम | खेति गरेको क्षेत्रफल | बोट/विरु वा संख्या | अनुमानित उत्पादन (के.जि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ४

## कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना

मिति :...........

**सूचना। सूचना॥ सूचना॥**

चिशंखुगढी गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०८१/८२ को स्वीकृत **कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम** संचालन गर्न इच्छुक संकलन केन्द्र/कृषक समूह / सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ।

**आवश्यक कागजातहरु**

१. अनुसुची २ अनुसारको ढाँचामा निवेदन,
२. वडा कार्यालयको सिफारिश,
३. सहकारीको हकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी,
४. कृषकहरुको विवरण।

आज्ञाले
सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत